# समुदायद्वारा विद्यालयको व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विषय (Ed. PM.५९८) अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

शोधपत्र


प्रस्तुतकर्ता

विद्यादेवी लामिछाने

त्रि.वि. दर्ता नं. ९-१-००९-३५६-९६

परीक्षा रोल नं. २१४००७३/२०६६

क्याम्पस रोल नं. २०७

शैक्षिक वर्ष २०६५-०६६

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ


चैत्र, २०६९

विषय : सिफारिस पत्र ।

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन मूल विषयको आवश्यकता पूरा गर्नको लागि विद्या देवी लामिछानेले "विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरणको उपादेयता" शीर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिमा पेस गरिएको छ ।

...............................

केशबराज भट्टराई

शोधनिर्देशक

मिति : २०६९/

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन मूल विषयको आवश्यकता पूरा गर्नको लागि विद्या देवि लामिछानेले "विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरणको उपादेयता" शीर्षकमा तयार पार्नु भएको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | .................... |
| २. | श्री केशबराज भट्टराई | शोध निर्देशक | .................... |
| ३. | | बाह्य परीक्षक | ...................... |

मिति : २०६९/ /

// कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय सुकुना बहुमुखी क्याम्पस सुकुना इन्द्रपुर, मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्न समुदायद्वारा विद्यालयको व्यवस्थापन विषयक शीर्षकमा यो शोधपत्र तयार पारिएको छ ।

प्रस्तुत  शोधपत्र पूरा गर्न प्रारम्भदेखि अन्त्यसम्म नियमित सुपरिवेक्षण, मार्गनिर्देशन र अमूल्य सहयोग प्रदान गर्नुहुने आदरणीय गुरु केशवराज भट्टराईज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्य गर्नका लागि उपयुक्त सरसल्लाह र सुझाव प्रदान गर्नुहुने सुकुना बहुमुखी क्याम्पसका शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख उप-प्राध्यापक लक्ष्मीकुमार श्रेष्ठज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययनको क्रममा आवश्यक सूचनाहरूउपलब्ध गराएर सहयोग पुऱ्याउनुहुने जिल्ला शिक्षा कार्यलयका वि.नि., लेटाङ श्रोतकेन्द्रका श्रोतव्यक्ति, अध्ययनको लागि छनौट गरिएका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू, सम्बन्धित विद्यालयका अभिभावकहरूएवं यस अध्ययनमा सहयोग पुऱ्याउनु हुने सबै व्यक्तिहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यस शोधपत्र तयार पार्ने क्रममा अमूल्य सहयोग गर्नुहुने होमनाथ बराल, सोमनाथ भट्टराई र जीवन पौडेल पनि धन्यवादका पात्र हुनुनुहन्छ । अन्त्यमा यस शोधकार्यलाई कम्प्यूटर सेटिङ्गमा सहयोग पुऱ्याउने मोर्डन डिजिटल फोटो स्टुडियोका प्रो.धर्मेन्द्र दुलाललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

शोधकर्ता

विद्यादेवी लामिछाने

# शोधसार

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि **समुदायद्वारा विद्यालयको व्यवस्थापन** शीर्षकमा यो शोधपत्र तयार पारिएको छ । यस शोधपत्रमा समुदायद्वारा विद्यालयको व्यवस्थापन गर्नु अघि र पछिको भौतिक तथा आर्थिक पक्षको विश्लेषण गर्न, शैक्षिक अवस्थाको विश्लेषण गर्नु र समस्याहरूको पहिचान गरी समधान उपाय सुझाउनु उद्देश्यहरूमा आधारित रही खोजकार्य गरिएको छ ।

अध्ययनको लागि सुविधाजनक नमूना छनौट विधिबाट मोरङ जिल्लाको लेटाङ स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरूमध्ये समुदायद्वारा विद्यालयको व्यवस्थापन गरिएका पाँचवटा माध्यमिक विद्यालयहरूलाई नमूनाको रुपमा छनौट गरिएको छ । त्यसैगरी उद्देश्यमूलक नमुना छनौट विधिबाट जिल्ला शिक्षा कार्यालय मोरङका एक जना विद्यालय निरीक्षक र एक स्रोतव्यक्ति, सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिका पाँच जना अध्यक्ष र पाँच जना प्रधानाध्यापकलाई छनौट गरिएको छ भने समान सम्भावनामा आधारित नमूना छनौट विधिबाट दश जना शिक्षक र पन्ध्रजना अभिभावकहरूलाई नमूनाको रुपमा छनौट गरिएको छ । छनौट गरिएका विद्यालय र व्यक्तिहरूबाट तथ्याङ्क संकलन गर्नको लागि तथ्याङ्क संकलनका प्राथमिक र द्वितीय स्रोतहरूबाट तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क संकलन गर्नको लागि विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरूको लागि अन्तर्वार्ता निर्देशिकाको प्रयोग गरिएको छ भने विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक र अभिभावकहरूका लागि प्रश्नावलीको प्रयोग गरिएको छ । त्यसैगरी विद्यालयका शैक्षिक प्रगतिका सूचकहरू, आर्थिक एवं भौतिक अवस्थाको जानकारी लिन रुजुसूची र विद्यालय अभिलेखको प्रयोग गरिएको छ । विभिन्न साधनहरूको उपयोग गरी विभिन्न व्यक्तिहरूबाट प्राप्त भएका तथ्याङ्कहरूको प्रस्तुतीकरण र विश्लेषण गर्ने क्रममा प्राप्त तथ्याङ्कहरूलाई तालिकामा प्रस्तुत गरी व्याख्या गर्नुका साथै प्रतिशतमा देखाउने र स्तम्भ चित्रमा देखाउने कार्य गरिएको छ ।

अध्ययनको क्रममा संकलित तथ्याङ्क र तिनको विश्लेषणबाट समुदायद्वारा विद्यालयको व्यवस्थापन हुँदा राम्रा र नराम्रा दुवैखाले प्रभावहरू देखिएका छन् । शैक्षिक प्रगतिका सूचकहरूउच्च भएको, विद्यालयको आर्थिक र भौतिक पक्षमा सुधार भएको, विद्यालय व्यवस्थापन समितिले स्वायत्तता प्राप्त गरेको, समुदाय र विद्यालयको बीचमा घनिष्ट सम्वन्ध भएको, समुदायमा विद्यालय

हाम्रो हो भन्ने भावनाको विकास भएको जस्ता राम्रा पक्षहरूदेखिएका छन् । त्यसैगरी समुदायमा पूर्ण व्यवस्थापकीय कार्यकुशलता नभएको, शिक्षकहरूमा पेसागत सुरक्षालाई लिएर चिन्ता उत्पन्न भएको, विद्यालयमा राजनीतिक चलखेल बढेको, सरकार आफ्नो दायित्वबाट पन्छन खोजेको जस्ता नराम्रा प्रभावहरूदेखिएका छन् ।

विद्यालयको व्यवस्थापन समुदायद्वारा गर्ने कार्यक्रमलाई प्रभावकारी बनाउन शिक्षकहरूको पेशागत सुरक्षा हुनु पर्ने, विद्यालयलाई शान्तिक्षेत्र बनाउन राजनीतिक पार्टीहरूले प्रतिवद्धता जाहेर गर्नुपर्ने अभिभावकहरूको क्षमता अभिवृद्धि गर्नु पर्ने, राज्य शिक्षाको दायित्वबाट पन्छन नहुने, स्थानिय स्रोत र साधनको उपयोग अधिकतम रुपमा गर्न अभिभावकहरूलाई उत्प्रेरित गर्नुपर्ने, विद्यालय व्यवस्थापन समिति विद्यालयको सर्वेसर्वा निकाय होइन केवल विद्यालय विकासको सहयोगी हो भन्ने सचेतता वि.व्य.स.मा ल्याउनु पर्ने, कार्यक्रमको प्रभावकारीता वारे बीच-बीचमा मूल्याङ्कन गरी समय सापेक्ष सुधार गर्दै जानुपर्ने सुझावहरूअध्ययनले प्रस्तुत गरेको छ ।

# विषयसूची

पृष्ठ सङ्ख्या

सिफारिस पत्र क

स्वीकृति पत्र ख

कृतज्ञताज्ञापन ग

शोधसार घ

तालिकासूची ङ

चित्रसूची च

सङ्क्षिप्त शब्दको पूरा रुप छ

## परिच्छेद एक परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको औचित्य ६

१.४ अध्ययनको उद्देश्य ७

१.५ अनुसन्धनात्मक प्रश्नहरू ७

१.६ अध्ययनको परिसीमा ७

१.७ शब्दावलीको अर्थ र परिभाषा ७

## परिच्छेद दुई सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ९

२.२ सैद्धान्तिक खाका ११

२.३ पुनरावलोकनको उपादेयता १३

## परिच्छेद तीन अध्ययन विधि

३.१ अनुसन्धनात्मक ढाँचा १५

३.२ जनसङ्ख्या १५

३.३ नमुना छनौट १५
३.४ अनुसन्धानका साधन १६
३.५ तथ्याङ्कका स्रोतहरू १७
३.६ तथ्याङ्क सङ्कलन विधि १८
३.७ तथ्याङ्क विश्लेषण विधि १८

## परिच्छेद चार तथ्याङ्कको विश्लेषण र व्याख्या

४.१ समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको अघि र पछिको भौतिक एवम आर्थिक विवरण १९
४.२ समुदायद्वारा विद्यालयको व्यवस्थापन गर्नु अघि र पछिको शैक्षिक उपलब्धीको विश्लेषण २५
४.३ समुदायद्वारा व्यवस्थापन गर्दा विद्यालयमा देखिएका समस्या र समाधानका लागि सुझावहरू ३३

## परिच्छेद पाँच प्राप्ति , निष्कर्ष र सुझावहरू

५.१ प्राप्ति ३६
५.२. निष्कर्ष ३८
५.३ सुझावहरू ३९
सन्दर्भसूची
अनुसूचीहरू

# तालिका सूची


तालिका नं. शीर्षक पृष्ठ सङ्ख्या

१. समुदायद्वारा व्यवस्थापन भएको श्री शिक्षा विकास मा.वि.को आर्थिक एवम
भौतिक विवरण २०

२. समुदायद्वारा व्यवस्थापन भएको श्री महेन्द्र मा.वि.को आर्थिक एवम
भौतिक विवरण २१

३. समुदायद्वारा व्यवस्थापन भएको श्री लक्ष्मी मा.वि.को आर्थिक एवम
भौतिक विवरण २२

४. समुदायद्वारा व्यवस्थापन भएको श्री शान्ति भगवती उ.मा.वि.को आर्थिक एवम
भौतिक विवरण २३

५. समुदायद्वारा व्यवस्थापन भएको श्री जाते मा.वि.को आर्थिक एवम
भौतिक विवरण २४

६. समुदायद्वारा व्यवस्थापन भएको विद्यालयको उत्तीर्णदर र सिकाई उपलब्धि २५

७. समुदायद्वारा व्यवस्थापन भएको विद्यालयको कक्षा छाड्ने र दोहोऱ्याउने दर २७

८. समुदायद्वारा व्यवस्थापन भएको विद्यालयको खुद भर्ना दर २९

९.समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको शिक्षक र विद्यार्थीहरूको औषत
वार्षीक उपस्थिति ३१

# चित्र सूची


| चित्र नं. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | समुदायद्वारा व्यवस्थापन हुनुपूर्व र व्यवस्थापन भएपछि औषत उत्तिर्ण दर र सिकाई उपलब्धीको | २६ |
| २. | समुदायद्वारा व्यवस्थापन भएको विद्यालयहरूको औषत कक्षा छोड्ने र दोहोऱ्याउने दरको | २८ |
| ३. | समुदायद्वारा व्यवस्थापन भएको विद्यालयहरूको खुद भर्नादरको | २९ |
| ४. | समुदायद्वारा व्यवस्थापन भएको विद्यालयहरूमा शिक्षक तथा विद्यार्थीहरूको औषत वार्षिक उपस्थितीको | ३१ |

# सङ्क्षिप्त शब्दको पुरा रुप

| | |
|---|---|
| % | प्रतिशत |
| प्र.अ. | प्रधानाध्यापक |
| वि.नि. | विद्यालय निरीक्षक |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |